आज मिति २०८२/०६/०२ गते विहिवारका दिन यस मिर्चैया नगरपालिकाको नगर प्रमुख श्री श्रवण कुमार यादवज्यूको अध्यक्षता तथा नगरकार्यपालिका सदस्य ज्यूहरुको उपस्थितीमा तपसिल वमोजिमको प्रस्तावहरुमाथि छलफल गरी निर्णय गर्न नगरकार्यपालिकाको वैठक वसियो ।

## उपस्थिती

| | |
|---|---|
| नगर प्रमुख | श्री श्रवण कुमार यादव |
| उप प्रमुख | श्री जिबछी देवी साह |
| वडा अध्यक्ष वडा नं.१ | श्री रुपेश कुमार महतो |
| वडा अध्यक्ष वडा नं.२ | श्री हरिराम श्रेष्ठ |
| वडा अध्यक्ष वडा नं.३ | श्री पबित्रि देवी यादव |
| वडा अध्यक्ष वडा नं.४ | श्री दिलिप कुमार सिंह |
| वडा अध्यक्ष वडा नं.५ | श्री प्रदिप कुमार साह |
| वडा अध्यक्ष वडा नं.६ | श्री राम प्रकाश महासेठ |
| वडा अध्यक्ष वडा नं.७ | श्री राम दयाल ठाकुर बरही |
| वडा अध्यक्ष वडा नं.८ | श्री बिरेश्वर यादव |
| वडा अध्यक्ष वडा नं.९ | श्री दिनेश कुमार मण्डल |
| वडा अध्यक्ष वडा नं.१० | श्री संजय कुमार साह |
| ~~का.बा.~~वडा अध्यक्ष वडा नं.११ | श्री ~~मनिकलाल~~ चन्द्रदिप यादव |
| वडा अध्यक्ष वडा नं.१२ | श्री मनेलाल यादव |
| मनोनित सदस्य | श्री विनोद प्रसाद महतो |
| मनोनित सदस्य | श्री दिपेश कुमार सिंह |
| महिला मनोनित सदस्य | श्री जरिना खातुन |
| महिला मनोनित सदस्य | श्री अनिता देवी कापैर |
| महिला मनोनित सदस्य | श्री आशा कुमारी यादव |
| महिला मनोनित सदस्य | श्री निर्मला विश्वकर्मा |
| महिला मनोनित सदस्य | श्री नरघिमा लामा |
| प्रमुख प्रशासकीय अधिकृत | श्री विष्णुरञ्जन वराल(सचिव) |
| सहयोगी (कर्मचारी) | श्री जित कुमार साह |

**प्रस्तावहरु**

१.बारुणयन्त्र माग गर्ने सम्वन्धमा ।

२.भवनको लागि रकम माग गर्ने सम्वन्धमा ।

३.राष्ट्रिय परिचय पत्र दर्ता स्टेसनको लागि सामाग्रि माग गर्ने सम्वन्धमा ।

४.कार्यालय व्यवस्थापनको लागि आवश्यक सामाग्री खरिद गर्ने सम्वन्धमा ।

५.आर्थिक सहयोग सम्वन्धमा ।

६.विविध ।

**निर्णयहरु**

**१ प्रस्ताव नं.१ माथि छलफल गर्दा** मिति २०८२ भाद्र २३ र २४ गते भएको जेन जीको आन्दोलनको क्रममा केही व्यक्तिहरुले गरेको आगजानी पश्चात यस नगरपालिकाको सम्पूर्ण भवनमा क्षती पुगनुको साथै सवारी साधनहरु मध्ये बारुणयन्त्र समेत जलेर पूर्ण रुपमा नष्ट भएकोले १ थान बारुणयन्त्र माग गर्ने निर्णय गरियो ।

**२.प्रस्ताव नं.२ माथि छलफल गर्दा** मिति २०८२ भाद्र २३ र २४ गते भएको जेन जीको आन्दोलनको क्रममा केही व्यक्तिहरुले गरेको आगजानी पश्चात यस नगरपालिकाको भवनमा पूर्ण क्षती भई सो भवनमा मर्मत सम्भार पश्चात समेत कामकाज गर्न सक्ने अवस्थामा नरहेकोले नगरपालिकाको प्रशासकीय भवनको लागि सम्वन्धित निकायवाट रकम माग गर्ने निर्णय गरियो ।

**३.प्रस्ताव नं.३ माथि छलफल गर्दा** मिति २०८२ भाद्र २३ र २४ गते भएको जेन जीको आन्दोलनको क्रममा केही व्यक्तिहरुले गरेको आगजानी पश्चात यस नगरपालिकामा संचालित राष्ट्रिय परिचयपत्र दर्ता स्टेसनको सम्पूर्ण सामाग्रि समेत जलेर पूर्ण रुपमा नष्ट भएकोले सोको पुन : संचालनको लागि सामाग्रिहरु सम्वन्धित निकायवाट माग गर्ने निर्णय गरियो ।

**४.प्रस्ताव नं.४ माथि छलफल गर्दा** मिति २०८२ भाद्र २३ र २४ गते भएको जेन जीको आन्दोलनको क्रममा केही व्यक्तिहरुले गरेको आगजानी पश्चात यस नगरपालिकाको भवनमा भएको आगलागि सो पश्चात भएको लुटपाटका कारण नगरपालिकाको फर्निचर लगायतको सामाग्रिहरु समेत जलेको वा हराएकोले तत्काल आवश्यक सामाग्रिहरु खरिद गर्ने निर्णय गरियो ।

**५.प्रस्ताव नं.५ माथि छलफल गर्दा** मिति २०८२ भाद्र २३ र २४ गते भएको जेन जीको आन्दोलनको क्रममा सहादत प्राप्त गर्नेहरुमा जिल्ला सिराहा लहान नगरपालिका वडा नं. १५ सिमरटोकीमा बन्धु चौधरीको नाती हरि प्रसाद चौधरीको छोरा बिजय चौधरी समेत साहदत प्राप्त गर्नु भएकोले निजको पत्नी अमिरिका कुमारी चौधरीलाई यस नगरपालिकावाट रु.१,५०,०००/- आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

आशा

निता

अनिता

जरीना